मिति : २०८२/११/११

श्रीमान् सचिवज्यू,
सामाजिक विकास मन्त्रालय,
कोशी प्रदेश, विराटनगर

विषयः प्रतिवेदन पेश गरेको सम्बन्धमा ।

**कार्यक्रम सञ्चालन भएको मिति: २०८२/१०/२८ देखि २०८२/११/०२ सम्म**
**कार्यक्रम सञ्चालन भएको स्थान : भक्तपुर ।**

**उद्देश्य:**
शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको आयोजनामा सञ्चालित चालु आ.व.को समिक्षा र आ.व.२०८३/०८४ को वार्षिक योजना निर्माण (BVQS, ENSSURE र QualiTY परियोजनातर्फ) सम्बन्धी कार्यक्रममा सहभागी हुने।

**कार्यक्रमको सन्दर्भ :**
सातवटै प्रदेशका शिक्षा हेर्ने मन्त्रालय प्रदेश सचिव, प्राविधिक तथा ब्यावसायिक शिक्षा र तालिम हेर्ने महाशाखा प्रमुख, परियोजना हेर्ने फोकल पर्सनको सहभागितामा चालु आ.व.को समीक्षा र आ.व.२०८३/०८४ को वार्षिक योजना निर्माण (NVQS, ENSSURE र QualiTY परियोजनातर्फ) सम्बन्धि कार्यक्रम तथा NVQS, ENSSURE र QualiTY परियोजनाको भावि संरचनासम्बन्धी कार्यक्रममा सहभागी सहभागी हुने सन्दर्भ ।

**कोशी प्रदेश सामाजिक विकास मन्त्रालययबाट कार्यक्रममा संलगन कर्मचारीहरु :**
प्रदेश सचिव, श्री उद्धवप्रसाद रिजाल, सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश
महाशाखा प्रमुख, श्री लक्ष्मी न्यौपाने, सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश
शाखा अधिकृत, डुण्डीराज पौडेल, सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश
शाखा अधिकृत, पेशलकुमार राई, सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश

**कार्यक्रममा भए गरिएका क्रियाकलापहरू :**
**मिति ३०८२/१०/२९ गते**

- उघोषक :- श्री प्रेम मंग्राती, NVQS, परियोजना
- परिचयात्मक कार्यक्रम
- राष्ट्रिय गान

- स्वागत मन्तब्य तथा कार्यक्रमको उद्देश्यमाथि प्रकाश :- श्री प्रमोदभक्त आचार्य, निर्देशक, प्राविधिक तथा ब्यावसायिक शिक्षा तालिम परिषद् सानोठिमी, भक्तपुर ।
- **प्रस्तुतीकरण**

  शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव रमा खतिवडाद्वारा प्राविधिक तथा ब्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा नेपालको वर्तमान अवस्था र भावि सम्भावनाका विषयमा प्रस्तुतीकरण र उक्त प्रस्तुतीकरणमा सामुहिक छलफल भएको थियो । छलफलका क्रममा प्राविधिक तथा ब्यावसायिक शिक्षा तालिम परिषद् सानोठिमी, भक्तपुरका निर्देशक श्री प्रमोदभक्त आचार्यले TVET को समग्र पक्षका विषयमा थप प्रकाश पार्नु भएको थियो।

  यसै गरी तीनवटै परियोजनाको तर्फबाट QualiTY परियोजनाका टिम लिडर श्री भानु पण्डितले संघीय स्तरमा परियोजनाको चालु आ.व.को हालसम्को प्रगति अवस्था र परियोजनाको भावि संरचना विषयमा प्रस्तुतीकरण गर्नु भएको थियो ।

  यसै क्रममा सात प्रदेशबाट चालु आ.व.को हालसम्मको वित्तीय र भौतिक प्रगतिका साथै समस्या तथा समस्या समाधानका उपाय सहितको प्रस्तुतीकरण भएका थिए । सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशको तर्फबाट शैक्षिक योजना तथा अनुसन्धान महाशाखाका महाशाखा प्रमुख श्री लक्ष्मी न्यौपानेबाट प्रस्तुतीकरण गरिएको थियो भने प्रस्तुतीकरणका विषयमा उठेका विषयमा सामुहिक छलफलबाट स्पष्ट पारिएको थियो ।

**<u>मिति ३०८२/११/०१ गते</u>**

सात प्रदेशका अलग अलग समुह विभाजन गरी NVQS, ENSSURE र QualiTY परियोजनातर्फ समुहगत रुपमा तोकिएको ढाँचामा आ.व.२०८३/०८४ को वार्षिक योजना निर्माणको अभ्यास गरियो ।आ-आफ्नो समूहबाट तयार पारिएका योजनाहरू पालैपालो प्रस्तुतीकरण गरियो । सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशको तर्फबाट शैक्षिक योजना तथा अनुसन्धान शाखाका शाखा प्रमुख श्री पेशलकुमार राईबाट प्रस्तुतीकरण गरिएको थियो ।

अन्त्यमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवज्यू, अर्थ मन्त्रालयका प्रतिनिधि, प्राविधिक तथा ब्यावसायिक शिक्षा तालिम परिषद्का उपाध्यक्ष, सदस्य सचिव, निर्देशक, सातवटा प्रदेशका शिक्षा हेर्ने मन्त्रालय प्रदेश सचिवज्यूहरूको NVQS, ENSSURE र QualiTY परियोजनाको भावि संरचनासम्बन्धी विषयमा छलफल भयो । उक्त छलफल कार्यक्रममा सात प्रदेशका शिक्षा हेर्ने मन्त्रालयहरूको तर्फबाट सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशका शैक्षिक योजना तथा अनुसन्धान महाशाखाका महाशाखा प्रमुख श्री लक्ष्मी न्यौपानेबाट प्रस्तुतीकरण गरिएको थियो ।

**निष्कर्ष :**

सातवटै प्रदेशका शिक्षा हेर्ने मन्त्रालय अन्तर्गत प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी (TVET) कार्य गर्ने तीनवटै परियोजनाहरू, NVQS, ENSSURE र QualiTY को चालु आवको समीक्षा र आ.व.२०८३/०८४ को वार्षिक योजना निर्माण सम्बन्धी खाका तयार भएकोले कार्यक्रम अत्यन्त उपलब्धीपूर्ण रहेको ।

कार्यक्रमका केहि प्रतिनिधिमूलक तस्विरहरू :





<u>**प्रतिवेदक :**</u>

प्रदेश सचिव, श्री उद्धवप्रसाद रिजाल, सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश

महाशाखा प्रमुख, श्री लक्ष्मी न्यौपाने, सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश

शाखा अधिकृत, श्री डुण्डीराज पौडेल, सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश

शाखा अधिकृत, श्री पेशलकुमार राई, सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश